परिच्छेद ८

# सन् २०२३ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा

सन् २०२५ सम्म कोशी प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरी मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि कोशी प्रदेश सरकार प्रतिबद्ध छ।

**केदार कार्की**,
मुख्यमन्त्री, कोशी प्रदेश



प्रहरी र शान्ति सुरक्षा प्रदेशको मातहतमा हुने स्पष्ट छ। कर्मचारी समायोजनका कुरामासमेत आलटल हुने एवम् कर्मचारीतन्त्र हावी हुने स्थिति सङ्घीयताबारे अव्यक्त आशङ्का र उही पारम्परिक अविश्वास र अप्रतिबद्धताको द्योतक हो कि? सङ्घीयता पनि भन्ने र अधिकार पनि नदिने मानसिकतासमेत मानव अधिकारको अवमानना हो।

**सरोजकुमार यादव**
मुख्यमन्त्री, मधेश प्रदेश



आवासविहीन जनताको लागि आवासको व्यवस्था, 'फुसको छानो' विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्।

**शालिकराम जम्कट्टेल**
मुख्यमन्त्री, बागमती प्रदेश



प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन नहुँदा, सङ्घीयताको मर्म भावना अनुसार योजना कार्यान्वयनमा समस्या सिर्जना हुँदै आएको छ।

**सुरेन्द्रराज पाण्डे**
मुख्यमन्त्री, गण्डकी प्रदेश



साझा अधिकार कार्यान्वयनमा कानुनकै अभावले अन्यौल सिर्जना भएका छन्। प्रदेश सरकारमा नियमनकारी निकायको अभाव महसुस भएको छ।

**डिल्लीबहादुर चौधरी**
मुख्यमन्त्री, लुम्बिनी प्रदेश



सङ्घीयतालाई बुझ्ने, बुझाउने तथा व्याख्या गर्ने शैलीमा तीनै तहका सरकारबिच सहकार्य, समन्वय र एकरूपता हुनुपर्छ। विकास निर्माण, सुशासनको स्थापना र अभ्यास तथा समृद्धि प्राप्ति गर्न सबै सरकारको एउटै गन्तव्य हुनुपर्छ।

**राजकुमार शर्मा**
मुख्यमन्त्री, कर्णाली प्रदेश



मानव अधिकारको उल्लङ्घनको कसुर फौजदारी कसुर हुनेमा सो उल्लङ्घनको अनुसन्धान तहकिकातको कार्य प्रदेश प्रहरीको अभावमा हुन नसकेको प्रष्ट नै छ।

**कमलबहादुर शाह**
मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश



# कोशी प्रदेश

नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने गरी २०७२ मा जारी गरिएको नेपालको संविधानले ३२ ओटा मौलिक हकको व्याख्या एवम् व्यवस्था गरी मानव अधिकारप्रति राज्यको जिम्मेवारी र जवाफदेहितालाई निर्देश गरेको छ। संविधानको भाग ५ बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडमार्फत देशमा तीन तहको सरकार गठन गरिएको छ। यस प्रदेशमा २८ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ५६ प्रदेशसभा निर्वाचन क्षेत्र कायम गरी १ सय ३७ स्थानीय तह रहेको छ।

संविधानको भाग ४ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई अक्षुण्ण राखी सोहीबमोजिम राज्यको पुन:संरचना गरिएको छ। राज्यका चारओटा निर्देशक सिद्धान्तलाई आत्मसात् गरी नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउधन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको व्यवस्था गरिएको छ।

दोस्रो प्रदेशसभाबाट २०७९ फागुन १७ गते "कोशी प्रदेश" नामाकरण गरेपछि पहिचानका लागि भएको आन्दोलनका कारण नागरिकको जनजीविका र मानव अधिकारको सवालमा स्वस्फूर्त ढङ्गले कार्य सम्पादन गर्न केही अवरोध महसुस गरेको भए पनि "स्वच्छ, सुखी र समुन्नत प्रदेश" नाराका साथ प्रदेशमा कार्यान्वयनमा रहेको प्रदेश घरेलु हिंसासम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य ऐन, २०७७, बालबालिकासम्बन्धी ऐन, २०७७, विपद् व्यवस्थापन ऐन, २०७५ लगायतका अन्य कानुनका परिधिभित्र रहेर प्रदेशमा "शैलजा आचार्य हृदयरोग अस्पताल"को स्थापना, दश वर्षमुनिका बालबालिकाहरूलाई नि:शुल्क विशेष चिकित्सकीय सेवा उपलब्ध गराउने लगायत सन् २०२५ सम्म कोशी प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरी मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकार प्रतिबद्ध छ।

सन् २०२३ मा प्रदेश सरकारले बालअधिकार रक्षाका लागि नि:शुल्क चिकित्सकीय सेवा, आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्नबाट बञ्चित विद्यार्थीहरूलाई चिकित्सक, इञ्जिनियर, वकिल, विज्ञान, व्यवस्थापनका साथै पशु तथा कृषि प्राविधिक शिक्षा नि:शुल्क अध्ययनका लागि छात्रवृत्ति, हिंसा पीडित महिलाहरूलाई कानुनी उपचार तथा न्यायका लागि दीर्घकालीन पुनर्स्थापना गृहको सञ्चालन निरन्तरता, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक तथा अल्पसङ्ख्यक, दलित, पछाडि पारिएका व्यक्तिहरूको अधिकार प्राप्ति तथा उपभोगका लागि प्रदेश सरकारले विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ।

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले प्रदान गरेका १७ वटा विषयलाई आत्मसात् गर्दै मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा विपत् व्यवस्थापनका लागि "मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र" प्राकृतिक विपत्मा परेकाहरूको मानव अधिकार रक्षाका लागि "जीवन प्रकोप, जीवन बीमा" कडा रोग लागेका विपन्न नागरिकहरूको बाँच्न पाउने अधिकार रक्षाका लागि प्रदेश सरकारले सहुलियतमा उपचारका लागि "प्रदेश प्रमुख स्वास्थ्य सहुलियत", महिला, बालबालिका तथा किशोर-किशोरीहरूको पोषण अवस्था सुधारका लागि "लक्षित समूह बहुपक्षीय पोषण" लगायतका कार्यक्रमसहित महिला हिंसा न्यूनीकरणका लागि कानुन निर्माण गरी त्यसको कार्यान्वयन गर्नुका साथै लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तहमा संरक्षण कोषको व्यवस्था गर्न सहजीकरण गरिरहेको छ।

जातीय विभेद, असमानता र गरिबी हटाउन प्रदेश सरकारले वर्गमैत्री सशक्तिकरण कार्यक्रमका साथै आर्थिक अभावमा उच्च शिक्षा तथा इञ्जिनियर, चिकित्सक, वकिललगायत विषयमा अध्ययनबाट बञ्चित हुन नदिन छात्रवृत्तिको व्यवस्था गरी नि:शुल्क अध्ययनको व्यवस्था गरेको छ। नेपालको संविधानले निर्धारण गरेका साझा अधिकारका विषयमा स्पष्ट कानुनको अभावले कतिपय अवस्थामा सङ्घीयता कार्यान्वयनका लागि संविधानले तोकेको अधिकारको बाँडफाँडमा समस्या सिर्जना भएको छ। खासगरी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतसाधनबाट प्राप्त हुने राजश्व बाँडफाँडको अनुपातबमोजिम राजश्व सङ्कलनमा समस्या र जटिलता देखिएको छ।

कोशी प्रदेशमा लामो समय राजनीतिक अस्थिरताका कारण सकारका नीति तथा कार्यक्रम सहज ढङ्गले सञ्चालन हुन नसकेको अवस्थामा संविधानले दिएको अधिकार प्रयोग गरेर प्रदेश सांसदहरूको समर्थनमा सरकार निर्माणको अन्तिम विकल्प संविधानको धारा १६८ को उपधारा (५) को सरकार गठन भएर मानवीय विकासको लक्ष्यका साथ विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै प्रदेश संरचनाप्रति उठ्दै आएको नकारात्मक आवाजहरूलाई निस्तेज पार्न सफल भएको सर्वविदितै छ। आगामी दिनमा मानव अधिकार रक्षाका लागि नेपाल सरकार पक्षराष्ट्र भएका सन्धि सम्झौताको कार्यान्वयन र पालना, मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले दिएका विषय, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन लगायतका क्षेत्रले समेटेका लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार सदैव प्रतिबद्ध रहने नै छ।

**केदार कार्की**
मुख्यमन्त्री

## मधेश प्रदेश

हजारौँ वर्षको आदम अवस्थापछि मानिस सभ्य हुँदै आजको विकसित र उन्नत अवस्थामा आएको हो। मानव समाजले यसबीच अनेकौँ प्रशंसनीय उपलब्धि र उल्लेखनीय ऐतिहासिक प्रगतिहरू हासिल गरेको पनि निर्विवाद छ। तथापि, हाम्रो समाजमा असङ्गत परम्परा, प्रचलन, विधि व्यवहार र सोचहरू विद्यमान छन्। आधुनिक युगमा प्रवेश गरे पनि हाम्रो मानिस कतिपय कुरामा अझ हजारौँ वर्ष पुरानो, सङ्कीर्ण र सतही सोचमा अल्झेर बसेको छ । नयाँ र समतामूलक समाज निर्माणका लागि हामीभित्रको पुरानो मानिस बाधक छ। विद्यमान समयमा देखापरेका हाम्रो देश र मधेशको सामाजिक, आर्थिक, राजनीतिक, अन्तरसामुदायिक अन्तरविरोधहरू प्राचीन आडम्बरपूर्ण परम्पराहरूकै अवशिष्ट कबिलाइ मानसिकताको द्योतक हो।

एक रङ्गले अर्को थरिलाई हेय ठान्ने, एक धर्मले अर्को धर्मलाई सहन नसक्ने, एउटा जाति पुज्य हुने अर्को तुच्छ ठहरिने, मानिस मानिसबिच खाडल र भेदभाव नैसर्गिक मानव अधिकारको विरुद्ध आदिम धारणा हो। सबैभन्दा माथि मानिस त्योभन्दा ठूलो केही पनि हुँदैन। यसैका लागि विगतमा ठूलाठूला सङ्घर्षहरू भए। मधेश आन्दोलन पनि मानव अधिकारको लागि भएको सङ्घर्षको एउटा महत्वपूर्ण कडी हो। असमानता र विभेदविरुद्ध समानता र न्यायको लागि उठेको आन्दोलन हो। यसमा दुईमत नहोला। मधेशी जनताले विभेदविरुद्ध अगुवाइ गरेको आन्दोलनका कारण मुलुक एकता, अपनत्व, सह-अस्तित्व र सह-स्वामित्वको अवधारणा सङ्घीयतामा जाने परिस्थिति निर्माण भएको हो। सङ्घीयता कार्यान्वयनमा अझ पनि अलमल, अनिच्छा र इमानदारीको कमी विद्यमान छ। नयाँ संविधान जारी भएको आठ वर्ष र प्रदेश सरकार गठन भएको ६ वर्ष भए पनि केन्द्रीय सरकारको मनस्थिति सङ्घीयताको भावना अनुकूल देखिँदैन। आफैँले जन्माएको संविधान एवम् सङ्घीयताको मर्म प्रतिकूल सङ्घीयतालाई आत्मसात गर्ने सोच शासकीय वृत्तमा देखिँदैन। बेसहारा र अनाथ सडक बालबालिकाझैँ सङ्घीयतालाई दयाको पात्र बनाइ मझधारमा अलपत्र पारिएको आजको स्थिति छ।

संविधानको अनुसूची ६ मा पहिलो नम्बरमै उल्लेखित प्रहरी र शान्ति सुरक्षा प्रदेशको मातहतमा हुने स्पष्ट छ। कर्मचारी समायोजनका कुरामासमेत आलटल हुने एवम् कर्मचारीतन्त्र हावी हुने स्थिति सङ्घीयताबारे अव्यक्त आशङ्का र उही पारम्परिक अविश्वास र अप्रतिबद्धताको द्योतक हो कि? सङ्घीयता पनि भन्ने र अधिकार पनि नदिने मानसिकतासमेत मानव अधिकारको अवमानना हो।

मधेशले मूलभूत मानव अधिकारको संरक्षणको लागि नयाँ रूपको सङ्घर्षको अगुवाइ गरिरहेको स्पष्ट छ। प्रदेश सरकारले ऐन नै बनाएर कूल नियुक्तिमा महिलालाई पचास प्रतिशत आरक्षण दिएको कदम यहाँ स्मरणीय छ। यो मानव अधिकारको क्षेत्रमा चालिएका ऐतिहासिक पहलसमेत हो। यति हुँदाहुँदै अर्कोतर्फ मधेशभित्रै पनि सीमातकृत जाति, वर्ग, समुदायको संरक्षण र सशक्तिकरणका अहम मुद्दाहरू छन्। यसको निराकणका लागि पनि हामी निरन्तर सचेष्ट छौँ।

विभेदविरुद्ध अगुवाइ गर्ने मधेश स्वयम् कुनै प्रकारको भेदभाव पृष्ठपोषण छैन, हुन सक्दैन पनि। हामी स्पष्ट छौँ, सबै मानिसको मानवीय गरिमा नै मानव अधिकारको प्रथम र अपरिहार्य सर्त हो। सामाजिक न्यायबिना, समता र अधिकारबिना राजनीतिक अधिकार अर्थहीन हुने कुरा स्पष्ट छ। हामी अहरणीय, अदमनीय मानव अधिकारको पक्षमा प्रतिवद्ध छौँ। हामी कसैविरुद्ध प्रतिशोध वा निषेधको नीतिमा विश्वास राख्दैनौँ । हामी ठान्दछौँ, सबैभन्दा पहिले हामी मानिस हौँ तथापि विभेदविरुद्ध हाम्रो सङ्घर्षमा मानव

अधिकारका लागि वर्षौं मानव अधिकारवादी सङ्घ संस्थाहरूको समेत अपेक्षित ध्यानाकर्षण हुन नसकेको देख्दा दु:ख लाग्छ।

**सरोजकुमार यादव**
मुख्यमन्त्री

## बागमती प्रदेश

नेपालको संविधानले मौलिक हकमा सुनिश्चित गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका मुख्य क्षेत्र शिक्षा, स्वास्थ्य, खाद्य, आवासको क्षेत्रमा गुणस्तरीय सेवा जनतालाई उपलब्ध गराउने कुराको सुनिश्चितताको पाटोलाई मानव अधिकारका आँखाले हेर्न र सेवा प्रदायक निकायलाई सेवाग्राहीमैत्री बनाउन खास कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। जनतालाई आत्मनिर्भर भई आफ्ना अधिकारको माग गर्न सक्ने र राज्यले सुन्ने वातावरण बनाउन आग्रह पूर्वाग्रह, बिना पक्षधर भई काम गर्नु अनिवार्य आवश्यकता हो। नागरिक तथा राजनीतिक अधिकारको आन्दोलनबाट स्थापना भएको प्रदेश सरकारले अब जनताका आधारभूत आवश्यकता र गुणस्तरीय सेवाको वकालत गर्नु पर्दछ। बागमती प्रदेश सरकार संविधानले मौलिक हकको रूपमा समेटेको मानव अधिकारको संरक्षण गर्न सदैव तत्पर छ।

मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश, जिल्ला र स्थानीय तहस्तरीय संयन्त्र निर्माण गरी त्यसलाई परिणाममुखी बनाउन प्रदेश सरकार क्रियाशील छ। बागमती प्रदेश सरकार अन्तरप्रदेश समन्वयमार्फत तीन तहका सरकारबिच तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य, संस्थागत संरचना तथा विकास निर्माणमा भएका दोहोरोपन हटाउनुका साथै मुख्यत: प्रहरी समायोजन, निजामती सेवा ऐन जारी लगायतका लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्दै तीन तहको शासकीय व्यवस्थाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन क्रियाशील छ। संविधान निर्माणमा संलग्न प्रमुख राजनीतिक दलहरूबीच नियमित छलफल गर्ने संयन्त्रको विकास गरी राष्ट्रिय सहमतिसहितको साझा धारणा निर्माण आदि जस्ता कार्यक्रमको प्रदेश सरकारको प्राथमिकतामा रहेका छन्।

प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई द्वन्द्वपीडितका साथ प्रदेश सरकार भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ। यसका साथै, आवासविहीन जनताको लागि आवासको व्यवस्था, 'फुसको छानो' विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्। आगामी दिनमा समेत बागमती प्रदेश सरकार नेपालको संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित विविध विषयहरूलाई कानुन निर्माण मार्फत् संरक्षण गर्ने तथा सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू नागरिकसमक्ष पुऱ्याउन प्रतिबद्ध रहेको छ।

अन्त्यमा, प्रदेश सरकारले अवलम्बन गरेका मानव अधिकार कार्य योजनाहरूमा इन्सेकलगायतका नागरिक संस्थाहरूसँगको सहकार्यले महत्वपूर्ण उपलब्धि प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**शालिकराम जम्कट्टेल**
मुख्यमन्त्री

## गण्डकी प्रदेश

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका तीनओटै सरकारलाई मानव अधिकार संरक्षण, संवर्द्धन र परिपूर्तिको दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ। कतिपय सन्दर्भमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन नहुँदा, सङ्घीयताको मर्म भावना अनुसार योजना कार्यान्वयनमा समस्या सिर्जना हुँदै आएको छ।

गण्डकी प्रदेश सरकार मानव अधिकारको रक्षा, संवर्द्धन र प्रवर्द्धनमा दृढ छ। सरकारले आफ्ना नीति, कार्यक्रम र बजेट मार्फत पनि मानव अधिकारका गतिविधिलाई जनतासम्म पुऱ्याउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ संस्था, नागरिक अगुवाहरूसँगको सहकार्यमा प्रदेशभित्र मानवअधिकार संरक्षणका कार्यक्रम सञ्चालन हुँदै आएको छ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले

औँल्याएका विषयहरू प्रदेश र स्थानीय तहमा मूल प्रवाहीकरण गर्ने कार्यक्रम समावेश गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वार्षिक विकास कार्यक्रममा पाँचौ राष्ट्रिय कार्ययोजनाले औँल्याएका विषयहरू प्रदेश र स्थानीय तहमा मूल प्रवाहीकरण गर्ने, सरोकारवालासँग मानव अधिकारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ। मानव अधिकारसम्बन्धी प्रदेश समन्वय समितिको बैठक सञ्चालन, प्रतिवेदन र आन्तरिकीकरण, समस्या र समाधानका बारेमा छलफल तथा अन्तरक्रिया भएका छन्।

सङ्घीय समन्वय समितिको बैठकमा कार्ययोजनाको कार्यान्वयनका सन्दर्भमा प्रदेशका गतिविधिको बारेमा छलफल तथा योजना निर्माण गरिएको छ। स्थानीय तहमा स्थानीय समन्वय समिति गठनका लागि सहजीकरण गरिएको छ। मानव अधिकार र न्यायका सवालमा स्थानीय तहको क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि प्रदेश सरकारबाट समन्वय र सहकार्य भइरहेको छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेशस्तरमा समिति गठन भई सो कार्ययोजनामा उल्लिखित मन्त्रालयगत कार्यहरू सम्पादन भइरहेका छन्। यसको कार्यान्वयनमा सम्बद्ध सबै पक्षको अग्रसरता र क्रियाशीलता रहनुपर्छ।

आम नागरिकको मानव अधिकारका सवालमा गण्डकी प्रदेश सरकार संवेदनशील छ। संविधान प्रदत्त अधिकारहरूको उपभोग र कर्तव्यहरूको पालनाका लागि राज्यका निकायहरूको भूमिका मात्र पर्याप्त हुँदैन। नागरिक समाज, मानव अधिकारकर्मी, बिभिन्न सङ्घ संस्थाहरू र सरोकारवाला सबैको सहकार्यले मात्र मानव अधिकारलाई व्यवहारिक रूपमा सार्थक बनाउन सकिन्छ।

हाम्रो मुलुक मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्रसमेत भएकाले मानवअधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध रहिआएको छ। सङ्घीयताको कार्यान्वयनका लागि संविधानमा उल्लेख भएअनुसार कानुन निर्माण गर्ने, अधिकार प्रत्यायोजन गर्ने र जनतालाई नजिकबाट सेवा प्रदान गर्न सकेको खण्डमा प्रदेश सरकारले नागरिकलाई सहज सेवा दिन सक्नेछ।

**सुरेन्द्रराज पाण्डे**
मुख्यमन्त्री

## लुम्बिनी प्रदेश

नेपालको संविधान २०७२ ले सबै प्रकारका शोषण र विभेदको अन्त्य गर्दै समतामूलक समाज, समावेशी राज्य निर्माण गर्ने सङ्कल्प गरेको छ। जसले मौलिक हकहरूको दायरालाई फराकिलो बनाउँदै मानव अधिकारका मूल्य, मान्यता र नागरिक अधिकारको प्रत्याभूत गर्न राज्यलाई जिम्मेवार बनाएको छ। यो जिम्मेवारीबाट लुम्बिनी प्रदेश सरकार पछि हटेको छैन। गाँस, बास, कपास र आधारभूत सेवा सुनिश्चित गर्न लुम्बिनी प्रदेश सरकारले योजना, कार्यक्रम र त्यसको स्रोत निश्चित गर्दै मानव अधिकारमैत्री काम गर्न अग्रसर नै छ।

विशेषगरी, हिंसा पीडित महिलाका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माण, मातृ शिशु मृत्युदर घटाउन निःशुल्क एम्बुलेन्स सेवा र दुर्गम क्षेत्रका जोखिममा रहेको गर्भवतीहरूलाई निःशुल्क हवाइ सेवा, अभिभावकविहीन बालबालिकाको संरक्षण तथा पालनपोषणका लागि प्रदेशस्तरीय बाल संरक्षण गृह निर्माण र बाल कोषको परिचालन, सहाराविहीन, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, एचआईभी सङ्क्रमित बालबालिका र विपन्न नागरिकको सामाजिक सुरक्षा र संरक्षणका लागि कार्यक्रम, बालश्रम शोषण अन्त्य गर्न र बालबालिकाको संरक्षण तथा विकासका लागि बालसुधार गृह सञ्चालन गर्ने, प्रयोगविहीन भएका सार्वजनिक भवनहरूलाई स्थानीय तहसमेतको सहकार्यमा घर निर्माण गर्ने कार्यक्रम ल्याउने गरी नीति अख्तियार गरिएको छ।

यसलाई मूर्तरूप दिन प्रदेशको अघिल्लो कार्यकालमा ७२ ओटा कानुन निर्माण गरेका छौं भने दोस्रो कार्यकालमा पनि कानुन निर्माणलाई प्राथमिकता दिएका छौं। हालसम्म सात ओटा विधेयक टेबल गरेकोमा चार ओटा पारित भइसकेका छन्। मुख्यगरी कर्मचारी समस्यालाई मध्यनजर गर्दै प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई प्राथमिकताका साथ पारित गरिएको छ।

हालसम्म लुम्बिनी प्रदेशमा प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८, जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश पशुबधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र अन्तरप्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था व्यवस्था गर्न बनेको विधेयक लगायत विधेयक पारित भएका छन्।

सङ्घीय सरकारले समयमै कानुन निर्माण गर्न नसक्दा प्रदेशका अधिकार क्षेत्रसमेत प्रभावित बनेको छ। मुख्यगरी, हामीलाई नीतिगत दोहोरोपनाका कारण स्पष्ट कार्यक्षेत्रको अभाव खट्किएको छ भने आवश्यक संस्थागत संरचना निर्माण गर्न सकिएको छैन। साझा अधिकार कार्यान्वयनमा कानुनकै अभावले अन्यौल सिर्जना भएका छन्। प्रदेश सरकारमा नियमनकारी निकायको अभाव महसुस भएको छ। निकायगत समन्वय प्रभावकारी हुन सकेको छैन भने त्यसका लागि आवश्यक स्रोत साधन पनि छैन।

खासगरी, मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि राजनीतिक तथा प्रशासनिक संयन्त्रको मानव अधिकारप्रति दृढ इच्छाशक्तिको अभाव देखिएको छ। मानव अधिकार संरक्षण संवर्द्धनमा यस्ता थुप्रै चुनौती छन्। प्रदेशमा सीमित स्रोत साधन र संरचनाले गर्दा मानव अधिकारका मूल्य र मान्यता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न कठिन भएको छ। त्यसले गर्दा संवैधानिक तथा नीतिगत व्यवस्थाहरूको व्यवहारिक प्रत्याभूत गराउन गाह्रो भएको छ। मौलिक हकको कार्यान्वयन गरी सो को हनन् र हस्तक्षेपमा संवैधानिक तथा नीतिगत उपचारको पूर्ण प्रत्याभूत गर्न अझ समस्या छ। मुलुकको क्षेत्रीय, लैङ्गिक, जातिगत, भाषिक, वर्गीय विविधता तथा सो को आधारमा हुने असमानता शोषण, विभेद र वञ्चितिकरणका अन्त्य गर्नु अहिलेकै स्रोत, संरचना, जनशक्तिले भ्याइनभ्याइ छ।

कानुनको अभावमा चाहेर पनि कारागार अनुगमन तथा व्यवस्थापन गर्न सकिएको छैन। सामुदायिक वन, सहकारीजस्ता क्षेत्रमा काम गर्न कठिन भएको छ। यस्ता थुप्रै विषयहरूमा प्रदेश सरकार कहाँ रहने र के भूमिका हुने भन्ने कुरा स्पष्ट नहुँदा समस्या बल्झिएको छ। यस्ता बाधा व्यवधानले स्थापनाको ६ वर्ष बितिसक्दा पनि प्रदेश सरकार जनताको आफ्नै घर नजिकको सरकारको अनुभूति हुने गरी काम गर्न अनवरोध सिर्जना भइरहेको छ। यावत व्यवधान भए पनि हामी नागरिक सेवा, मानव अधिकारको प्रवर्द्धनमा निम्ति पछि हटेका छैनौं। मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा गम्भीर हुँदै विकास सूचकाङ्कका आधारमा प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशका रूपमा विकास गर्ने हाम्रो प्रतिबद्धतामा कमी हुने छैन। सडक मानवमुक्त प्रदेश निर्माण गर्ने, स्वास्थ्य र शिक्षामा सबैको पहुँच विस्तार गर्ने, मौलिक हकहरूको कार्यान्वयन, महिला, बालबालिका तथा एकल महिलाहरूको सामाजिक सुरक्षा, संरक्षण र पूर्ण सुरक्षित मातृत्व सेवा युक्त स्थानीय तह, जिल्ला र प्रदेश अभियानका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने कार्यमा हामी प्रतिबद्ध छौं।

**डिल्लीबहादुर चौधरी**
मुख्यमन्त्री

## कर्णाली प्रदेश

अपार जलस्रोत (कर्णाली, भेरी र तिनका सहायक नदीहरू), कृषि (अर्गानिक प्रदेश, रैथाने बालीहरू, स्याउ, ओखर, ढटेलो आदि), जडिबुटीहरू (यार्सागुम्बा, गुच्छीच्याउ, पाँचऔँले, शिलाजित आदि), गैरकाष्ठजन्य बस्तुहरू, पेट्रोल, रत्न खानी, चुनढुङ्गा, तामा, फलाम खानीहरू, रारा ताल, से-फोक्सुण्डो, कुभिण्डे ताल, स्यार्पुदह, पञ्चकोशी, लिमीभ्याली (मानसरोवर दर्शन), सिंजा सभ्यता, डोल्पाको धो, रिग्मोबस्ती, काँक्रेबिहार, देउतीबज्यै, दुल्लु, डिग्रे साइकुमारी मन्दिर, खैरावाङ मन्दिर, साहसिक पर्यटन,

हिमाल, मनोरम बस्ती, धार्मिक क्षेत्रहरू र वनजङ्गल, पाटन क्षेत्रजस्ता पर्यटकीय क्षेत्र आदि कर्णालीको विकासका लागि ठूलो सम्भावना छ। भौगोलिक रूपमा अत्यन्त विकट हुनु, कठिन सामाजिक जनजीवन, पूर्वाधार विकासको हिसाबबाट पछाडि पारिनु, विभिन्न सेवाहरूको पहुँचमा कमी, बेरोजगारी र गरीबी, कमजोर स्वास्थ्य अवस्था र स्वास्थ्य पूर्वाधार, शैक्षिक हिसाबले पछि पर्नु, विपत्को उच्चजोखिम, जलवायु परिवर्तनको असर आदि कारणले मानवीय सूचकाङ्कको हिसाबले कर्णाली प्रदेश पछाडि परेको छ। यसले मानव अधिकारको रक्षा, संरक्षण र संवर्द्धनका लागि केही समस्याहरू सृजना भएका छन्।

नेपालको इतिहासमा नयाँ शासकीय संरचनाको रूपमा सङ्घीय गणतान्त्रिक राज्य प्रणाली अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय सरकार स्थापना भई ६ वर्षको कार्यकाल पूरा भएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित मानव अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रदेश शासन व्यवस्थाको आधारभूत मूल्यमान्यताको रूपमा लिइएको छ। बालविवाह, बहुविवाह, बोक्सी प्रथा, छुवाछूत, छाउपडी प्रथा, घरेलु तथा लैङ्गिक हिंसा, लागुऔषध, मानव बेचबिखन, अपाङ्गता र ज्येष्ठ नागरिकलाई गरिने विभेद जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय तह र विकास साझेदारहरूसँगको सहकार्यमा 'प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम' अभियानको रूपमा सञ्चालन गरी मानव अधिकार संरक्षण र संवर्द्धन गर्न पुर्नस्थापना र अल्पकालीन सेवालाई प्राथमिकता दिने गरी नीति योजना र कार्यक्रम तर्जुमा गरिएको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न प्रदेश सरकारले मानव अधिकार तथा कानुनी सचेतना कार्यक्रम, आचारसंहिता निर्माण, बालमैत्री स्थानीय शासन, कार्यस्थलमा हुने यौनजन्य हिंसा न्यूनीकरण, उपभोक्ताहरूको हित संरक्षण, अपाङ्ग आयआर्जन कार्यक्रम, द्वन्द्वपीडित राहत र उपचार, मातृशिशु कल्याण कार्यक्रम, गरिब तथा विपन्न लक्षित रोजगार कार्यक्रम, दुर्घटना बीमा, नागरिक स्वास्थ्य परीक्षण, लोपोन्मुख र सीमान्तकृत आयआर्जन, छोरी बैङ्क खाताजस्ता कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरिएको छ।

सङ्घीयता कार्यान्वयनको सिलसिलामा राजनीतिक सङ्घीयतामार्फत राजनीतिक अधिकारहरू प्राप्त भए पनि कानुनी सङ्घीयता, वित्तीय सङ्घीयता, प्रशासनिक सङ्घीयता र प्राविधिक सङ्घीयताको कार्यान्वयन गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको कामकारबाही प्रभावकारी बनाउन सङ्घीय सरकारबाट गाँठाहरू फुकाउने काम तदारूकताका साथ गर्नुपर्छ। प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा प्रदेशको एकल अधिकार क्षेत्रभित्रका विषय हुन्। प्रहरी समायोजन ऐन आए पनि प्रहरीलाई प्रदेशमा समायोजन गरिएको छैन। प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने प्रदेश प्रहरीको खटन-पटन र शान्ति-सुरक्षाको काम सङ्घीय सरकारबाटै भइरहेको छ। एकीकृत प्रकृतिका कानुन र साझा अधिकार सूचीका कानुन सङ्घीय सरकारबाट नै निर्माण गर्नुपर्ने भएकाले प्रदेशबाट निर्माण गर्न द्विविधा भएको छ। प्रदेश तथा स्थानीय तहबाट निर्माण भएका कानुन सङ्घीय कानुनसँग बाझिने, एकरूपता कायम नहुने, वैधता र वैधानिकता कायम गर्न चुनौतीपूर्ण छ। अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार राष्ट्रिय नीति, रणनीति र कार्ययोजना कार्यान्वयनमा सहकार्य, दिगो विकास लक्ष्य लगायतका विषयहरूमा प्रदेशको दायित्व र भूमिका स्पष्ट नहुँदा कार्यान्वयनमा समस्या देखिन्छ। आयोजना/परियोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ति (निकुञ्ज क्षेत्र र वन क्षेत्र) प्रक्रिया जटिल हुँदा कार्यान्वयनमा विलम्ब, लागत बढ्ने तथा आयोजना नै रोक्का गर्नुपर्ने स्थिति रहेको छ। वित्तीय हस्तान्तरण र बजेट निर्माण प्रक्रियामा अन्तर सरकारी समन्वयको अभाव, प्रदेश स्थापनाका शुरु वर्षको तुलनामा समानीकरण अनुदान रकम न्यून हुँदै गएको, राष्ट्रिय गौरव एवम् सङ्घीय सरकारबाट सञ्चालित र कार्यान्वित आयोजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समन्वय गर्न प्रदेशको भूमिका स्थापित नभएको, प्रदेश तथा स्थानीय सरकारका लागि आवश्यक जग्गा भवन र सम्पत्ति हस्तान्तरण नभएको, साझा अधिकार सूचीका विषय क्षेत्रमा स्पष्ट मापदण्डको अभावमा एकै प्रकृतिका कार्य तीन तहबाटै कार्यान्वयन गर्न पनि समस्या छ।

सङ्घीयतालाई बुझ्ने, बुझाउने तथा व्याख्या गर्ने शैलीमा तीनै तहका सरकारबीच सहकार्य, समन्वय र एकरूपता हुनुपर्छ। विकास निर्माण, सुशासनको स्थापना र अभ्यास तथा समृद्धि प्राप्ति गर्न सबै सरकारको एउटै गन्तव्य हुनुपर्छ। हामीले तय गरेका विकास मोडल र अभ्यासले प्रादेशिक सन्तुलन हुने गरी पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ, आवास,

उर्जा, सञ्चार लगायत सबै प्रकारका सेवालाई सम्बोधन गरेर नागरिकको मानव अधिकारको संरक्षण संवर्द्धन हुने र जनजीवन सुधार हुने कुरालाई पहिलो प्राथमिकता दिनुपर्छ। कर्णाली प्रदेश सरकार उपरोक्त समस्याहरूको समाधान गर्दै शिक्षा, स्वास्थ्य र रोजगार: त्यसका लागि सुशासन र पूर्वाधार भन्ने नाराका साथ कर्णालीका जनताहरूको मानव अधिकारको रक्षा, संरक्षण, संवर्द्धन र समृद्धि परिपूर्तिका लागि नेपालको संविधान २०७२ ले प्रदान गरेको दायित्व निर्वाह गर्न प्रतिबद्ध रहेको छ।

**राजकुमार शर्मा**

मुख्यमन्त्री

## सुदूरपश्चिम प्रदेश

नेपालको संविधान, २०७२ जारी भएपश्चात नेपाल राज्यले सङ्घीय गणतन्त्रतात्मक शासकीय व्यवस्था अवलम्बन गरिरहेको सन्दर्भमा विगत लगभग सात वर्षदेखि सुदूरपश्चिम प्रदेश सरकारले संविधान प्रदत्त अधिकारक्षेत्र भित्र रही कार्य गरिरहेको छ। नेपालको संविधानले मार्गदर्शन गरेबमोजिम प्रदेश अधिकार सूचीमा परेका गरिबी निवारण, सामाजिक सुरक्षा, रोजगारी, समावेशीकरण लगायतका विषयहरू प्रत्यक्ष रूपमा मानव अधिकारसँग जोडिएका हुन्छन्। उल्लेखित लगायतका विषयहरूलाई यथोचित सम्बोधन गर्न प्रदेश सरकारले प्रदेश नीति तथा कार्यक्रम, क्षेत्रगत कानुन तथा बजेट र योजनामार्फत काम गरिरहेको छ। कानुनी तथा कार्यगत अवस्थाहरू हेर्दा प्रदेश बालबालिकासम्बन्धी ऐन, २०७९, दलित सशक्तिकरण ऐन, २०७८ लगायतका क्षेत्रगत केही ऐनहरू बनिसकेको अवस्था छ। त्यस्तै, सुदूपश्चिम प्रदेश निजामती सेवा ऐन, सुदूरपश्चिम प्रहरी ऐन २०७९, लगायत जारी भई प्रदेशस्तरमा निजामती कर्मचारीहरूको संयन्त्रले काम गरिरहेको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश कानुनको सम्बन्धमा रक्षा प्रतिरक्षा गरिरहेकोमा उक्त कार्यालय तथा प्रदेश अन्तर्गतका अन्य सम्बन्धित कार्यालयहरूले मानव अधिकार संरक्षण र संवर्द्धनको सम्बन्धमा चेतनामूलक काम कारबाही र प्रदेशमा रहेका कारागार कार्यालयहरूमा अनुगमन गर्ने लगायतका कार्यहरू गरिरहेको छ।

मानव अधिकारको उल्लङ्घनको कसुर फौजदारी कसुर हुनेमा सो उल्लङ्घनको अनुसन्धान तहकिकातको कार्य प्रदेश प्रहरीको अभावमा हुन नसकेको प्रष्ट नै छ। उल्लेखित अवस्था, प्रदेशको सामाजिक संरचना, शैक्षिक चेतनाको स्तर, कर्मचारीहरू अभाव लगायतले मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्द्धन गर्ने कार्य प्रभावित हुन गएको देखिन्छ। यस सम्बन्धमा राज्यका तिनै तहका सरकारकाबीच समन्वय गरी संविधानले दिएको एकल र साझा अधिकारको प्रभावकारी कार्यान्वयन हुन जरुरी देखिन्छ। हालै सम्पन्न मुख्यमन्त्रीहरूको भेलाले सरकारको कार्य विस्तृतिकरण प्रतिवेदनले औंल्याएका विषयमा थप अध्ययन गरी अन्तिम रूप दिन सातै प्रदेशका मुख्य न्यायाधिवक्तालाई जिम्मेवारी दिएको छ। यद्यपि सङ्घीय सरकार, प्रदेश सरकारहरू र स्थानीय सरकारहरूबीच संविधानले परिकल्पना गरेको सहकारिता, समन्वयन र सहअस्तित्व कार्य पनि पेचिलो नै रहेको छ। नागरिक सङ्गठन तथा अन्य पेशागत सङ्गठनहरू, निजी सार्वजनिक संस्थाहरू र सरकारी संयन्त्रहरूको प्रभावकारी समन्वय, सञ्चार र सहकार्यबाट मात्र मानव अधिकारको संरक्षण हुनसक्ने कुरामा प्रदेश सरकार विश्वस्त छ।

मानव अधिकारको संरक्षण र संवर्द्धनमा विगतमा गरिआएका कार्यहरूलाई निरन्तरता दिंदै मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) ले निर्दिष्ट गरेका कार्यक्रम सञ्चालन गर्नेतर्फ प्रदेश सरकार र सोका निम्ति प्रदेश सरकारले सबै जिल्लाको मानव अधिकारको प्राथमिकता अनुसारका कार्य गर्न सुदूरपश्चिम सरकार प्रतिबद्ध रहेको छ।

**कमलबहादुर शाह**

मुख्यमन्त्री